**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE 04.10.2023**

**लेक ब्रस्ट**

राज्यमा विगत केही दिनदेखि लगातार पानी परेकाले उत्तर सिक्किमको मंगन जिल्ला अन्तर्गत ल्होनाक झीलबाट धेरै मात्रामा पानी तलतिर आएर टिस्टा नदीको जलस्तर बढ़नाले राज्यमा व्यापक क्षति भएको छ। टिस्टा नदीको बाढ़ीले सिङ्ताम क्षेत्रमा कम्तीमा पनि पाँच जनाको मृत्यु भएको छ भने तेइसजना सेनाका जवान लगायत धेरैजना लापता भएको रिपोर्ट छ।

केही पुलहरू यस प्रकोपले मंगन, गान्तोक , पाकिम र नाम्ची जिल्ला अत्यन्त प्रभावित भएका छन्। यी जिल्लाहरूमा धेरैवटा पुलहरू भत्किएका छन् र घरहरूलाई बगाएको छ मंगन जिल्लामा चुङ्थाङको राष्ट्रिय पन विजुली निगम एनएचपिसी को बाँध र पुल बगेका छन्। मिन्शिथाङका दुइवटा पुल जेमामा एउटा पुल र रित्चु पुललाई पनि बगाएको छ। पाकिम जिल्ला अन्तर्गत गोलीटार सिङतामामा चारजनाको ज्यान गएको रिपोर्ट छ भने बागे खोलामा सातजना र माझीटारमा तीनजना लापता भएको बताइन्छ।

हलुका चोट लाग्ने सत्रजना व्यक्तिहरू सिङताम जिल्ला अस्पतालमा उपचाराधीन छन्। गान्तोक जिल्लामा राष्ट्रिय आपदा प्रतिक्रिया बल र राज्य आपदा प्रतिक्रिया बलको टीमले गोलीटारमा तीनजनाको शव भेट्टाए सिङताम उच्चतर माध्यमिक पाठशाला, बिहारी भवन, नेपाली भवन र सिक्किम सुप्रिम गरी चारवटा राहत शिविर खड़ा गरिएको छ।

जिल्लामा राज्य आपदा प्रतिक्रिया बलले बाढीप्रभावित क्षेत्रहरूबाट पच्चीस जना व्यक्तिहरूलाई उद्दार गरेको छ। एनएचपिसी बाँधको नियन्त्रण कक्ष भत्किएको बताइएको छ एनएचपिसी टिस्टा स्थल क्षेत्रबाट एकजना व्यक्ति लापता भएका छन् र घाइते हुने एकजना व्यक्तिलाई गान्तोकको एसटिएनएम अस्पतालमा भर्ती गरिएको छ।

नाम्ची जिल्लामा मामरिङबाट दुईजना श्रमिकहरूलाई बगाएको रिपोर्ट छ। चारै जिल्लामा पेयजल आपुर्ति लाइनहरू पूर्ण रूपले भत्किएका छन्। यसैबीच मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज विहान सिङताममा बाढीग्रस्त क्षेत्रहरूको भ्रमण गरी पीड़ित व्यक्तिहरूसित भेट गर्नुभयो।

उहाँले क्षेत्रका मानिसहरूलाई सतर्क रहने र सुरक्षित स्थानहरूमा शरण लिने आग्रह गर्नुभयो। श्री तामङले प्रभावित व्यक्तिहरूलाई सुरक्षित निकाल्ने र उनीहरूको पुनर्वासका लागि सबै आवश्यक प्रबन्ध गर्ने आश्वासन पनि दिनुभयो। बाढीग्रस्त क्षेत्रहरूको भ्रमणपछि मुख्यमन्त्रीले सिङताम कम्युनिटि सेन्टरमा सम्बन्धित अधिकारीहरूसित आपतकालीन बैठक गर्नुभयो।

**डिजास्टर**

यसैबीच राज्य सरकारले आपदा प्रबन्धन ऐन 2005 अन्तर्गत यस घटनालाई आपदा घोषित गरेको छ। पाकिम, गान्तोक, नाम्ची र मंगन जिल्लाका सबै सरकारी तथा निजी पाठशालाहरूलाई छुट्टी दिइएको छ। यी स्कूलहरू आँउदो आइतवार आठ अक्तुवरसम्म बन्द रहनेछन्।

राज्यमा आइपरेको प्राकृतिक आपदालाई ध्यानमा राखेर खाद्य तथा नागरिक आपुर्ति विभागले एलपिजी सिलिण्डरका सबै बिक्रेताहरूसित आम जनताको उपयोगका लागि गोदाममा पर्याप्त मात्रा एलपिजी सिलिण्डर राख्ने आग्रह गरेको छ र युक्तिसङ्गत रूपमा वितरण गर्न् भनेको छ।

विभागले राज्यका सबै पेट्रोल पम्पहरूलाई आम जनतालाई दैनिक रूपमा प्रति बाहन वीस लिटर भन्दा बढ़ी डिजेल र पन्ध्र लिटर भन्दा बढ़ता पेट्रोल नदिने परामर्श दिएको छ। सबै इन्धन बिक्रीस्थल र उचित मूल्यका पसलहरूले सरसामानको भण्डारको स्थतिबारे सम्बन्धित जिल्ला नागरिक आपुर्ति अधिकारीलाई जानकारी दिनु भनिएको छ।

सिक्किम सहकारी दूध उत्पादक संघले वर्तमान प्राकृतिक प्रकोपको कारणले राष्ट्रिय तथा राज्य राज मार्गहरू विभिन्न ठाँउमा अवरोध भएको हुँदा दूध आपुर्तिमा वाधा पुग्न सक्ने सम्भावना व्यक्त गरेको छ।

**म्यासेज**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज मुख्यमन्त्री श्री प्रेमसिंह तामङसित बातचीत गर्नुभयो र स्थितिबारे जानकारी लिनुभयो। श्री मोदीले मुख्यमन्त्रीलाई यथासम्भव सहयोग गर्ने आश्वासन दिनुभएको छ। प्रधानमन्त्रीले प्रभावित व्यक्तिहरूको सुरक्षा र कल्याणका लागि प्रार्थना गर्नुभयो।

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले पनि टिस्टा नदीमा जलस्तर बढेर घटेको आप्रत्याशित घटनाबारे दुःख प्रकट गर्नुभएको छ। यो संकटको समयमा आफु पनि सम्पूर्ण सिक्किमवासीहरूको साथमा रहेको कुरो बताउँदै उहाँले मानिसहरूसित यो आपदाको घड़ीमा सबैले एका अर्कालाई साथ दिने आग्रह गर्नुभएको छ। मुख्यमन्त्री श्री प्रेम सिंह तामङले प्रभावित व्यक्तिहरूलाई आवश्यक सहायता तथा राहत उपलब्ध गराउन राज्य सरकार पूर्ण रूपले प्रतिबद्ध रहेको कुरो बताउनु भएको छ।

उहाँले प्रशासन स्थानीय प्राधिकरणहरू संस्था संगठन र व्यक्तिविशेषहरूसित एकबद्धताको भावना लिएर सहयोग गर्ने आग्रह गर्नुभएको छ। सिक्किम प्रजातान्त्रिक मोर्चाका अध्यक्ष तथा पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई पत्र पठाएर ल्होनाक झील पानीले जल्सतर बढेर भएको घटनाबारे अवगत गराउनुभएको छ।

पत्रमा श्री चामलिङले राहत, उद्दार अभियान तकनिकी सहयोग र विभिन्न ठाँउमा राष्ट्रिय मार्ग 10 विच्छिन्न भएको कुरोलाई ध्यानमा राखेर आवश्यक वस्तुहरूको उपलब्धता सुनिश्चित गर्ने आग्रह गर्नु भएको छ।

सिटिजन एक्सन पार्टी सिक्किमले पनि यस विपत्तिको घड़ीमा सम्पुर्ण पीडित परिवारको पक्षमा खड़ा रहेको उल्लेख गर्दै सबैसिक राजनीतिक अक्षेप गर्नको साटो मानवताको नाताले एकाअर्काको सहयोग गर्ने आग्रह गरेको छ।